हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

आज मिती २०७८ साल वैशाख महिनाको २० गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (प्रमुख प्रशासकिय अधिकृत) | राज कुमार दास | |

प्रमुख प्रशासकिय अधिकृत

मिती २०७८।०१।२०

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. नगरभरीको पोखरीहरुको ठेक्का दर कायम गर्ने सम्वन्धमा ।
२. कार्यालय सहयोगी पारीश्रमीक सम्वन्धमा ।
३. कोभिड १९ को लागि आवश्यक सामाग्री खरिद सम्वन्धमा ।
४. कोभिड १९ मा खटेका कर्मचारीको म्याद थप र पारिश्रमीक दिने सम्वन्धमा ।
५. विष्णु चालिसे र जगदिश रायको घर हुँदै गएको सडकमा परेको पोल तार सार्ने सम्वन्धमा ।
६. आर्थिक सहायता सम्वन्धमा ।
७. मासु पसल सुधार कार्यक्रम संशोधन सम्वन्धमा ।
८. घर भाडा सम्वन्धमा ।

**निर्णय नं. १**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको नगर भरीको पोखरीहरुको ठेक्का दर कायम गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका भित्र भोग चलन मातहतमा रहेको पोखरीहरुलाई खुला टेण्डर प्रक्रियाबाट न्युनतम प्रतिकठा रु. ६,०००।०० का दरले ठेक्का लगाउने निर्णय गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको कार्यालय सहयोगी भर्ना सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ३ का कार्यालय सहयोगी विरेन्द्र कुमार साहको मिति २०७७।११।२५ गतेको दिन आकस्मीक निधन भएकोले वडा नं. ३ कार्यालय फरहदवामा रिक्त रहेको कार्यालय सहयोगी पदमा निजको श्रीमती कविता कुमारी साहलाई कार्यालय सहयोगी पदमा मिति २०७८ वैशाख २ गते देखि लागु हुने गरी डोर हाजरी गराई पारीश्रमीक दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको कोभिड १९ को लागि आवश्यक सामाग्री खरिद सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकामा कोभिड १९ कोरोना माहामारी संक्रमण रोकथामको लागि सामाग्री खरिद गर्न प्रकोप तथा महामारी रोग नियन्त्रण गर्नको लागि यस नगरपालिकाको छैठौ नगरसभाको पेज नं. १० सि.नं. ५६ मा स्वास्थ्य संस्थाहरुलाई सहायता तथा विभिन्न सरुवा रोग माहामारी नियन्त्रण कार्यक्रममा खर्चा शर्षक

हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिपुर, सर्लाही प्रदेश नं. २, नेपाल २०७३

मिती २०७८।०१।२०

२५३१२ मा रकम रु. ५000000।00 मध्येबाट मास्क, सेनीटाइजर, साबुन, सेन्सर मेशिन खरिद तथा फेस शिल्ड ओसीमिटर खरिद गर्न रकम रु. ५,00,000।00, पिसिआर खरिदमा रकम रु. ३,00,000।00, जाँचपडताल स्वास्थ्य कर्मीलाई यातायात खर्च, खाना नास्ता, ढुवानी वापतको रकम रु. ३,00,000।00, जनचेतना तथा संचेतना कार्यक्रमको लागि पोष्टर, पम्पलेट, म्याकींग प्रचार प्रशारको लागि रकम रु. ५,00,000।00 र कोभिड अस्थायी अस्पताल ब्यवस्थापनमा रकम रु. ५,00,000।00 खर्च गर्ने गरी जम्मा रकम रु. २१,00,000।00 विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको कोभिड १९ मा खटेका कर्मचारीको म्याद थप र पारिश्रमीक दिने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाबाट कोभिड अस्पतालमा कार्यरत अ.न.मी. पुष्पा कुमारी चौधरी र कार्यालय सहयोगी अभिशेष चौधरीलाई मिति २०७७ माघ १ गते देखी कार्यरत भई हाल सम्म काम काज गर्दै आउनु भएकोले सातौं नगरसभाबाट निर्णय भए बमोजिम अ.न.मी. प्रति दिन रकम रु. ७५0।00 र कार्यालय सहयोगीको प्रतिदिन रकम रु. ५00।00 का दरले पारिश्रमीक भुक्तानी दिने निर्णय गरियो

**निर्णय नं. ५**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको विष्णु चालिसे र जगदिश रायको घर हुँदै गएको सडकमा परेको पोल तार सार्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. २ जगदिश राय यादवको घर देखि वडा नं. १ जानकीनगर जाने सडकमा ढलान तथा नाला निर्माण कार्य गर्न ठेक्का नगरपालिकाबाट लगाइएको र बाटोमा पोल र तार परेकोले उक्त तार र पोल सार्न र जडान गर्न छैठौ नगरसभाको पेज नं. ७ सि.नं. २३ मा निर्मित सार्वजनिक सम्पतिको मर्मत तथा सन्चालन खर्च शिर्षक नं. २२२३१ मा रकम रु. १000000।00 मध्येबाट विद्युत प्राधिकरण लालबन्दीको लागत अनुमान अनुसार रकम रु. ३९,८६४।६३ विद्युत प्राधिकरणको खातामा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको आर्थिक सहायता सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको देहायका ब्यक्तिहरुलाई देहाय अनुसारको शिर्षकबाट आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.सं. | विवरण | ठेगानाा | रकम रु. | भुक्तानी लिनेको नाम | खर्च शिर्षक |
|---|---|---|---|---|---|
| १ | आगलागी (२०७७।१२।२३ गते) | हरिपुर ३, फरहदवा | १0000।00 | नुरिया खातुन | आर्थिक सहायता |
| २ | आर्थिक सहयोग (विपन्न परिवार तथा एकल महिला) | हरिपुर १, जानकीनगर | १0000।00 | सरिता कार्की | आर्थिक सहायता |
| ३ | उपचार खर्च | हरिपुर ८ इन्द्रपुर | १0000।00 | रिया वाइवा | आर्थिक सहायता |

मिती २०७८।०१।२०

**निर्णय नं. ७**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको मासु पसल सुधार कार्यक्रम संशोधन सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७७।०७८ को छैठौं नगरसभाबाट पशु कार्यक्रमको लागि रकम रु. ५०००००।०० विनियोजन भएको मध्ये मासु पसल सुधार कार्यक्रमको लागि नगरकार्यपालिकाको वैठकबाट मिति २०७७।०७।२० गते रु. ३०००००।०० विनियोजन भएको मासु पसल सुधार कार्यक्रमको लागि यस कार्यालयमा कुनै पनि प्रस्ताव नआएकोले मिति २०७७।१२।०४ गते सुचना मार्फत सेवाग्राहीबाट प्रस्ताव माग गर्दा गोठ सुधारमा १० वटा प्रस्ताव पेश भएकोले मासु सुधार पसल कार्यक्रमको रु. ३०००००।०० विनियोजित रकम गोठ सुधारमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको घर भाडा सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको सत्कारको वासको लागि लालबन्दी नगरपालिका भित्र घर आवश्यक परेकोले घर भाडा लिने तथा आवश्यक सामाग्री व्यवस्थापनको लागि खर्च गर्ने निर्णय गरियो ।